लेखापरीक्षण प्रतिवेदन

तिनाउ गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

तिनाउ गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
२०८२ वैशाख महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/612

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

तिनाउ गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

पाल्पा।

कैफियतसहितको राय

हामीले तिनाउ गाँउपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण , स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले असर पार्ने बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकिकृत बार्षिक प्रतिबेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समाबेश भएको एकिकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभुत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाँउपालिकाले आर्थिक कार्यप्रणालीको लेखांकन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्नतरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८ करोड ४८ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१४ लाख ४० हजार, स्थानीय तह प्रशासकीय पूर्वाधार विकास कार्यक्रमको रु.१८ लाख ७६ हजार समावेश गरेको छैन ।

२. तिनाउ गाँउपालिकाको रु १ अर्ब ४ करोड ६७ लाख ६८ हजारको लेखापरीक्षण गरिएकोमा रू २ करोड ३ लाख ३२ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु ३० लाख ४३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु १ करोड ७२ लाख ८९ हजार मध्ये असुल गर्नुपर्ने रू ४८ लाख १३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७ लाख ५५ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ४१ हजार र पेस्की बाँकी रु. १६ लाख ८० हजार रहेको छ।. गत वर्षसम्म रु. ११ करोड २ लाख ९ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष रु ८१ लाख ७२ हजार संपरीक्षण गरी हालसम्मको अद्यावधिक बेरुजू रु. ११ करोड ९३ लाख २६ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने तिनाउ गाँउपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

तिनाउ गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी तिनाउ गाँउपालिका व्यवस्थापनमा रहेको छ। गाँउकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय

जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
५०	६६	२,०३,३२,०४४	०	२	३०,४२,६१८	०	५०	६४	१,७२,८९,४२६	४८,१२,८४७	१,००,४१,५५१	७,५५,०२८	०	०	१,५६,०९,४२६	१६,८०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पाल्पा	११,०२,०९,०००	०	८१,७२,२४१	१०,२०,३६,७५९	०	१,७२,८९,४२६	११,९३,२६,१८५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	५६.२	प्रशासकीय भवन निर्माण	३०,३९,०१८
२	२०७८/७९	४८.१	सामाजिक सुरक्षाः	३,४७,३२०
३	२०७८/७९	३७	प्रधानमन्त्री रोजगार कार्यक्रम :	२३,०३,२०३
४	२०७८/७९	३१	सुरक्षित नागरिक आवास कार्यक्रम	४८,००,०००
५	२०७७/७८	४४	दररेट भन्दा बढी भुक्तानी	३,१०,४८४
६	२०७७/७८	४३	आनुपातिक कट्टी	८९,७३४
७	२०८०/८१	३.३	आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु	३,६००

८	२०७९/८०	३५	जलाधार संरक्षण	३,२१,५००
जम्मा				१,१२,१४,८५९

(८०५५०५०१३०० - तिनाउ गाउँपालिका, पाल्पा)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा ६ वडा, २०२ वर्ग किलोमिटर क्षेत्रफल तथा २२,९७२ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।२५ देखि २०८१ ।९।१ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको सुत्र प्रणालीको अनुसुची २७०(१) विवरण अनुसार प्राप्ती भुक्तानी विवरण निम्न छ ।

प्राप्तिर भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क.स./ आर्थिक सङ्केत	विवरण	चालुआ.ब.को कारोबार		गतआ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	८,४३,०७,७७०.४०	८,४३,०७,७७०.४०	१०,१४,९५,०३०.०९	१०,१४,९५,०३०.०९
१३०००	अनुदान	३०,६१,१८,५४३.२०	३०,६१,१८,५४३.२०	३३,६८,७१,६०२.७५	३३,६८,७१,६०२.७५
१४०००	अन्यराजस्व	३,७०,८७,०७६.१४	३,७०,८७,०७६.१४	३,६२,२७,५१४.८९	३,६२,२७,५१४.८९
१५०००	विविधप्राप्ति	२,१०,५९६.००	२,१०,५९६.००	२,५८,५१८.६२	२,५८,५१८.६२
क	**कुलजम्मा प्राप्ति**	४२,७७,२३,९८५.७४	४२,७७,२३,९८५.७४	४७,४८,५२,६६६.३५	४७,४८,५२,६६६.३५
३	चालु	३०,७७,६६,०६१.४३	३०,७७,६६,०६१.४३	३०,४५,२९,९२७.१७	३०,४५,२९,९२७.१७
२१०००	पारिश्रमिक / सुविधा	१८,७४,०८,१९९.९०	१८,७४,०८,१९९.९०	१९,१८,३५,८३४.०३	१९,१८,३५,८३४.०३
२२०००	मालसामानतथा सेवाको उपयोग	११,४४,५०,४६१.५३	११,४४,५०,४६१.५३	९,५६,८६,९६४.१४	९,५६,८६,९६४.१४
२५०००	सहायता (Subsidy)	१५,७२,३७९.००	१५,७२,३७९.००	४८,६१,०१५.००	४८,६१,०१५.००
२६०००	अनुदान	१,८८,५६८.००	१,८८,५६८.००	८९,३२,७९९.००	८९,३२,७९९.००
२७०००	सामाजिकसुरक्षा	७,९९,९९७.००	७,९९,९९७.००	१३,२१,२००.००	१३,२१,२००.००
२८०००	अन्यखर्च	३३,४६,४५६.००	३३,४६,४५६.००	१८,९२,११५.००	१८,९२,११५.००
४	पूंजीगत	१४,३६,३६,८६५.३५	१४,३६,३६,८६५.३५	१८,४९,७३,३६१.५०	१८,४९,७३,३६१.५०
३१११०	भवनतथा संरचना	१,५७,१०,६४२.००	१,५७,१०,६४२.००	१८,५०,०००.००	१८,५०,०००.००
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	१,३६,५९,६८१.००	१,३६,५९,६८१.००	८२,०९,४४३.००	८२,०९,४४३.००
३११३०	अन्यपूँजीगत खर्च	६०,२७,८०१.००	६०,२७,८०१.००	३५,६७,५८५.००	३५,६७,५८५.००
३११५०	सार्वजनिकनिर्माण	१०,०८,६६,६६३.३५	१०,०८,६६,६६३.३५	१६,७२,०४,४३२.५०	१६,७२,०४,४३२.५०
३११६०	निर्मितसरचनाकोसुधार खर्च	२४,३८,४३६.००	२४,३८,४३६.००	७,६४,३९६.००	७,६४,३९६.००
३११७०	पूँजीगतसुधार खर्च	४९,३३,६४२.००	४९,३३,६४२.००	२९,१७,५०५.००	२९,१७,५०५.००
३१३१०	बहुमूल्यसामानहरु	०	०	४,६०,०००.००	४,६०,०००.००
ख)	**कुलजम्मा भुक्तानी**	४५,१४,०२,९२६.७८	४५,१४,०२,९२६.७८	४८,९५,०३,२८८.६७	४८,९५,०३,२८८.६७
ग)	**बचत /कमी (ग = क-ख)**	(२,३६,७८,९४१.०४)	(२,३६,७८,९४१.०४)	(१,४६,५०,६२२.३२)	(१,४६,५०,६२२.३२)

घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)**	३१,६६,३६६.५३	३१,६६,३६६.५३	४१,७९,८५३.५०	४१,७९,८५३.५०
घ.१)	**कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी**				
ङ)	**यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) (ङ = ग+घ)**	(२,०५,१२,५७४.५१)	(२,०५,१२,५७४.५१)	(१,०४,७०,७६८.८२)	(१,०४,७०,७६८.८२)
च)	**गतआ.व.को नगद तथा बैंक मौज्दात**	७,५६,४०,१८०.०५	७,५६,४०,१८०.०५	८,६१,१०,९४८.८७	८,६१,१०,९४८.८७
छ)	**विनिमयनाफा/ घाटा तथा अन्य समायोजन**				
ज)	**आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	५,५१,२७,६०५.५४	५,५१,२७,६०५.५४	७,५६,४०,१८०.०५	७,५६,४०,१८०.०५

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१६००० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	आन्तरिक लेखापरीक्षणबाट कायम भएको बेरुजु	१६०००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको परीक्षण**

२.१ वित्तिय प्रतिवेदन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको

ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ :

२.२ वित्तीय विवरणको यथार्थता : पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले आर्थिक वर्ष २०८०।०८१ मा निम्न शिर्षकको रु ८ करोड ३३ लाख ६५ हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

रु.हजारमा

सि.नं.	शिर्षक	खर्च रकम
१	सामाजिक सुरक्षा तथा संरक्षण	८,००,४८,४७४
२	स्थानिय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम	१८,७६,५९६
३	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१४,४०,०००
जम्मा		८,३३,६५,०७०

३ आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु

३.१ स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक बर्षको अन्तमा एक पटक मात्र गरेको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । साथै आन्तरिक लेखापरीक्षण गर्दा औल्याएका देहाएका व्यहोरा असुल फछ्यौट गर्नुपर्दछ।

३.२

अनियमित तथा प्रमाण पेस नभएको		
गो.भौ.नं. र मिति	विषय	रकम रु.
९।०८०।५।२४	विपद व्यवस्थापनको लागी इन्धन भुक्तानी रु	३२२५६०
२८।०८०।६।५	मूल्याकन पेश नभएको रु	१६०८०२
४०३।०८१।२।२९	विद्यालय जिन्सी दाखिला नभएको रु	१६०५२०
१०७।०८०।१२।२९	पोसाक खर्च रु	३००००
-	विद्यालयमा इन्टरनेट तथा जडान खर्च रु	४८०००
५६७।०८१।३।१९	नापि पेश नभएको रु	९१३२७९
	जम्मा	१६,३५,१६१

अनियमित भएको	१६,३५,१६१

३.३

अशुल गर्नुपर्ने			सम्बन्धित निकाय
गो भौ नं	व्यहोरा	रकम	
१८५।०८०।१२।२७	जन श्रमदान कट्टी नगरेको असुल गर्नुपर्ने रु	६०१३	गिट्टिखानी खानेपानी योजना उपभोक्ता समिति
८३।०८०।७।२	आकस्मिक लाभ कर असुल गर्नुपर्ने रु	४७५०	
२९।०८१।२।२३	वढी लागत अनुमान भइ भुक्तानी भएको रु	३०३२	मस्याम स्वावलम्बन कृषि बहुउद्देश्यीय सहकारी संस्था
विभिन्न	कर कट्टी छुट रु	१६०००	एनेक्सर १ मा राखिए वमोजिम
विभिन्न	दिवा खाजा वढी भुक्तानी रु	७८९९०	एनेक्सर २ मा राखिए वमोजिम
	जम्मा रु	१०८७८५	

✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-६** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(विस्तृत विवरण बेरूजु दफा ३.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	१,०८,७८५

४ आन्तरीक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. ३८ लाख ३५ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

५ योजना तथा बजेट कार्यान्वयन

५.१ योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८० को दफा २ अनुसार यस वर्ष थपघट समेत गाँउसभाको निर्णयबाट रु. २ करोड ३ लाख ३० हजार मिति २०८०।१०।१८ मा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ३.८ प्रतिशत हुन्छ। कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५.२ योजनाको प्राथमिकरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ६ वडाको लागि वडागत र पालिकास्तरका पुँजीगत तर्फ कुल २७३ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	**कार्यक्रमको नाम**	**योजना सङ्ख्या**	**रु.२० लाख माथिका योजना सङ्ख्या**	**रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या**	**रु.५लाख भन्दा कमका योजना सङ्ख्या**
१.	पालिकास्तरीय	४९	१२	१५	२२
२.	वडा स्तरीय	२२४	०	२६	१९८
	जम्मा	२७३	१२	४१	२२०

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २६२ योजनामात्र कार्यान्वियन भई ११ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

६ क्षेत्रगत बजेट

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	३,७७,८४,०००	२,१६,४९,९८६	४.८
२	सामाजिक विकास	२७,०१,५३,०००	२४,५०,७८,०३०	५४.२९
३	पूर्वाधार विकास	१०,३१,१५,९०६	९,२०,२२,५५०	२०.३८
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	३२,९७,०००	१९,६६,७७८	०.४४
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१२,०८,७२,४१२	९,०६,८५,५८१	२०
	जम्मा	५३,५२,२२,३१८	४५,१४,०२,९२५	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५४.२९ प्रतिशत र सुशा सन तथा अन्तरसम्बन्धित क्षेत्र मा सबै भन्दा घटीमा ०.४४ प्रतिशत रहेको छ ।

७ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार कुल पूँजिगत वजेट रु १६ करोड ४३ लाख ४६ हजार रहेकोमा रु १४ करोड ३६ लाख ३६ हजार अर्थात ८७.३९ प्रतिशत मात्र खर्च भएको छ । त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

(रकम रु. हजारमा)

क्र.सं	बजेट	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको
			प्रथम	दोस्रो	तेस्रो	चौथो	
२	पूँजीगत खर्चतर्फ	१४३६३६	३८४७	१०४८०	३५३९७	९४११०	५१२९५
३	प्रतिशत	८७.३९	२.३४	६.३७	२१.४१	५७.२६	३१.२१

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ५७.२६प्रतिशत तथा आषाढ महिनामा ३१.२१प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

८ खर्च बिश्लेषण

पालिकाले यसवर्ष चालु तर्फ रु.३०,७७,६६,०६१ र पूँजीगत तर्फ रु १४,३६,३६,८६५ रु ४५,१४,०२,९२६ खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.८६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७८.१८ प्रतिशत चालु र ३१.८२ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

९ प्रगती

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाइ जिम्मेवार बनाउनु पर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ । शुन्य प्रगति र कम प्रगति भएका योजनाहरुमा स्पष्ट कारण नदेखाएकोले कार्यान्वियन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ । पालिकाले योजना तथा कार्यक्रम तर्जुमा तथा छनौट गर्दा कार्यान्वियन योग्य योजना छनौट गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार ११ योजनाको प्रगती शुन्य रहेको छ भने १ योजनाको प्रगती २५ प्रतिशत भन्दा कम रहेको छ ।

कार्यक्रम /योजना सङ्ख्या	यो वर्ष खर्च (हजार)	वार्षिक प्रगती				
		शून्य प्रगती	२५ प्रतिशत सम्म	५० प्रतिशत सम्म	७५ प्रतिशत सम्म	७५ प्रतिशत भन्दा माथी
२७३	१४३६३६	११	१	०	०	२६१

१० स्थानीय तथ्याङ्क अभिलेख र स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

११ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २४ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट सबै सहकारीको अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१२ कानुन र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, १ वटा नियमावली, ३८ कार्यविधि लगायत ४६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । कानुनको कार्यान्वयनको अवस्था अनुगमन गरी अद्यावधिक गर्नुपर्दछ ।

१३ आवधिक योजना तथा वजेट

आवधिक योजना – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ । आवधिक योजना बनाएता पनि पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना

तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१४ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१५ **प्रशासनिक संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३३ जना पदपूर्ती भएको देखिन्छ । रिक्त दरवन्दी लोकसेवामा माग गर्दा समेत पदपूर्ती नभएको पालिकाको भनाई रहेको । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१६ **कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक ४५ कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. १,५७,९३,१९० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत प्रमुख पदहरुमा समेत करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिदैन ।

१७ **दरबन्दी बाहिरका कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरवन्दी वेगरका देहायका पदमा ज्यालादारी भनी निम्नानुसार कर्मचारी नियुक्ति गरी मासिक तलव भत्ता भुक्तानी गरेको पाइयो। स्वीकृत दरबन्दी बेगर कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु.

पदको नाम	दरबन्दी भन्दा बढी पदपूर्ति	तलब भुक्तानी
सहायक चौंथो	५	११,७६,१२०

अनियमित भएको	११,७६,१२०

१८ **तलबी प्रतिबेदन**

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उपदफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | कार्यालयले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई रू.२ करोड ४० लाख ७६ हजार तलव खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१९ **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र एकिन गरी लागत अनुमान तयार गरेर गर्नुपर्दछ । पालिकाले विभिन्न ५ सफ्टवेयरहरुमा गत वर्षसम्म रु.१८,१०,७४३ भुक्तानी गरेकोमा यो वर्ष कुनै पनि सफ्टवेयरमा भुक्तानी भएको पाईएन् । ती सफ्टवेयरको खरिदको अतिरिक्त वार्षिक मर्मत सुधार र नविकरणमा गत वर्ष सम्म रु.१,९९,३३२ खर्च गरेकोमा यो वर्ष नविकरण र मर्मत संभारमा रु २१,५०० भुक्तानी भएकोले हाल सम्म सफ्टवेयर खरिद र बार्षिक मर्मत सुधारमा तथा नविकरणमा रु. २०,३१,५७५ खर्च गरेको देखियो। सफ्टवेयर खरिदको आवश्यक्ता, यसको लागत अनुमान, त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। तसर्थ यस्ता सफ्टवेयर खरिद, प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

२० आन्तरिक आय तथा राजस्व

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर लगायत वापत अनुमानित रु. ३,०३,४०,०००प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ३,०९,७६,६६५ अर्थात अनुमान भन्दा १०२.१ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

क्र.सं	राजस्वसंकेत	आम्दानी शीर्षक	अनुमान	राजश्व प्राप्ती
१	२	३	४	७
१	११३१३	सम्पती कर	१०,००,०००.००	२,४५,२७३.४०
२	११३१४	भुमिकर/मालपोत	१४,००,०००.००	२,३३,६७५.६२
३	११३१७	वहाल कर	१०,००,०००.००	११,७९,३६७.८४
४	११६९१	अन्य कर	०.००	३४,१८,९७६.६०
५	१३४११	अन्यसंस्थागत आन्तरिक अनुदान	०.००	४२,६१५.००
६	१४१२९	अन्यनिकायबाट प्राप्त लाभांश	०.००	०.००
७	१४२११	कृषिउत्पादनको बिक्रीबाट प्राप्त रकम	०.००	०.००
८	१४२१३	अन्यबिक्रीबाट प्राप्त रकम	५,००,०००.००	०.००
९	१४२१९	अन्य सेवाशुल्क तथा बिक्री	१,५०,००,०००	१,६३,५०,०५७.२०
१०	१४२२१	न्यायिकदस्तूर	५०,०००.००	२,२००
११	१४२२३	शिक्षाक्षेत्रको आम्दानी	१,००,०००.००	०.००
१२	१४२२४	परीक्षाशुल्क	०.००	५२,९००
१३	१४२२९	अन्यप्रशासनिक सेवा शुल्क	०.००	७१,६१,९३३.१४
१४	१४२४२	नक्सापासदस्तुर	४,७०,०००.००	५३,०५५.८२
१५	१४२४३	सिफारिशदस्तुर	१०,००,०००.००	५,१३,८००
१६	१४२४४	व्यक्तिगतघटना दर्ता दस्तुर	०.००	४,०३,७००
१७	१४२४५	नाताप्रमाणित दस्तुर	२०,०००.००	०.००
१८	१४२४९	अन्यदस्तुर	५,००,०००.००	९२,९६५
१९	१४२५३	व्यावसायरजिष्ट्रेशन दस्तुर	२,००,०००.००	०.००
२०	१४२६५	अन्यक्षेत्रको आय	८०,००,०००	०.००
२१	१४३११	न्यायिकदण्ड, जरिवाना र जफत	०.००	४०,२००
२२	१४३१२	प्रशासनिकदण्ड, जरिवाना र जफत	१०,००,०००	८,७७,८५०
२३	१४५२१	प्रदुषणनियन्त्रण शुल्क	१,००,०००	०.००
२४	१४६११	व्यवसाय कर	०.००	९७,५००
२५	१५१११	बेरूजू	०.००	२,१०,५९६
२६	१५११२	निकासाफिर्ता	०.००	०
जम्मा			३,०३,४०,०००	३,०९,७६,६६५.६२

२१ **आन्तरिक आय**

आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानवाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४२०४२६२६१ ४५,१४,०२,९२६	३,०९,७६,६६५	६.८६

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६.८६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२२ **अनुदानको आय लेखाङ्कनः**

१३४११ आयशिर्षक अन्तर्गत संचितकोषबाट आय र बजेट खर्च देखाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले कृषि उपकरण र बीउ अनुदान दिँदा ७५ प्रतिशत नगद लागत साझेदारी रकम अन्यकोषबाट दिँदा आय लेखाङ्कन देखिएको छैन । स्थानीय संचित कोषमा लेखाङ्कन गरी राजश्व लेखाङ्कनलाई वास्तविक बनाउने र लागत सहभागितालाई वस्तुगत बजेटमा समाबेश गरी राजश्व आय यर्थाथपरक बनाउनुपर्ने देखिन्छ ।

२३ **प्राकृतिक स्रोतको उपयोग कर**

२३.१ लुम्बिनी प्रदेश सरकार प्रदेश आर्थिक ऐन, २०८० को दफा ९ सँग सम्बन्धित अनुसूची ८ मा ढुङ्गा गिटी बालुवा भष्कटको प्रतिघनफुट मुअकरबाहेक तराई र भित्री मधेशको लागि रू.८ मुअकरसमेत रू.९.०४ हुने उल्लेख छ । पालिकाले सो प्राकृतिक स्रोतको कर उठाउनुपर्ने व्यवस्था देखिन्छ । पालिकाले संघीय कानून बमोजिमको ७२१२९७.७४ मेट्रिक टनको रू.४३३०१७१ स्थानीय विकास शुल्क असुल गरेतापनि प्रदेश र सो को मुअकर रू.११०५११९०४.२२ समेत रू.९६०६६५२२.०९ असुली गरेको देखिएन ।पालिकाले प्राकृतिक स्रोतको कर असुल गरी आफ्नो आन्तरिक आय वृद्धि गर्नेतर्फ अग्रसर हुनुपर्ने देखिन्छ

२३.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क)मा आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट ढुङ्गा गिटी वालुवा एंव माटो जन्यवस्तु बिक्री गर्न सक्नेछ। पालिकाको प्रारम्भिक वातावरणीय परीक्षणबाट देहायको उत्खनन् क्षेत्रबाट बार्षिक राजश्व असुली गर्ने क्षमता भएतापनि आयठेक्का लगाएको नदेखिएकोले र आयोजनाबाट रु. ५३ लाख असुल गरेकोले बाँकी रु. १ करोड ३० लाख असुली छुट भएको स्थीतिति छ। पालिकाले आफ्नो क्षेत्रभित्रको श्रोत साधनको पहिचान गरी आन्तरिक आय वढाउनेतर्फ ध्यान दिनुपर्दछ ।

क्र.स.	उत्खन्न क्षेत्र	वडा नं.	कुल परिमाण घ.मी.	७०% सिफारिस	बार्षिक सिफारिस घनफूट	बार्षिक राजश्व
१	बन्चरे बगर	२	१३२४०.८६	९२६८.६	३२७३११.४१	२६१८४९१.२९
२	पासकुण्डा टोल	२	३६९०९.२२	२५८३६.४५	९१२३८८.५४	७२९११०८.२९
३	भुजेल बस्ति	३	६६९१.७८	४६८४.२५	१६५४१९.४६	१३२३३५५.७१
४	झुम्सा घाट	३	८८९५.६१	६२२६.९३	२२९८९७.७	१७५९१८१.६
५	गणेश टोल	२	१७३६६.५६	१२१५६.५९	४२९२९७.८९	३४३४३८३.
६	अर्घाछाप बगर	३	३९८२.०७	२७८७.४५	९८४३५.९७	७८७४८७.७९
७	फुकुम बगर	३	७१३२.८३	४९९२.२८	१७६३२२.१३	१४१०५७७
		जम्मा	९४२१८.९३	६५९५२.५५	२३३९०७३.१	१८६२४५८४.६८

२४ वातावरण र विकास शुल्क

२४.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ मा र तिनाउ गाँउपालिकाको आर्थिक ऐन, २०८० को दफा १० को अनुसूची ९(८) मा आपसी सहमतिमा वातावरण तथा विकास शुल्क लगाउने व्यवस्था रहेको छ ।

सि.नं	सिमेन्ट उद्योग	०७८।०७९		२०७९।८०		यो बर्षको बाँकी
		निर्धारण	असुली	निर्धारण	असुली	
१	सर्वोत्तम सिमेन्ट	३५०००००	-	२४५००००	२४५००००	-
२	सत्यवति सिमेन्ट	२५०००००	-	१७५००००	१७५००००	-
३	डोलोमाइट	१५०००००	-	१०५००००	१०५००००	-
४	सिदार्थ सिमेन्ट	२५०००००	-	१२५००००	१२०००००	५००००
५	कन्चन सिमेन्ट	२५०००००	-	१७५००००	-	१७५००००
६	अल्फा सिमेन्ट	२५०००००	-	१७५००००	-	१७५००००
जम्मा		१५००००००		१००००००००	६४५००००	३५५००००

माथिको तालिकामा २०८०।०३।०१ मा तिनाउ गाँउपालिकाका जनप्रतिनिधि र खानी सञ्चालकबीच बैठक बसी पालिकाको वातावरण र विकास शुल्क गत वर्षभन्दा रू.५०,००,००० घटी हुनेगरी निर्धारण गरेको पाइयो । शुल्क घटाउने आधारभुत परिमाण सहितको आधारबिना शुल्क घटाउने र सम्झौता बमोजिम कम्पनीले नर्तिने रू.३५,५०,००० स्थिति छ । आ.ब ०७८।०७९ को रू.१,५०,००,००० लक्ष्यमध्ये यो वर्ष ५० लाख घटाई रू.६४,५०,००० असुल गरि रू.३५,५०,००० असुली बाँकी रहेको छ। वातावरण र विकास शुल्क आपसी सहमतिमा लगाउने आधारको मानक र यो वर्षको बक्यौता असुल गर्नुपर्ने रकम रू.

असुल गर्नुपर्ने	३५,५०,०००

२४.२ खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम २२ मा रोयल्टीको १०% स्थानीय विकास शुल्क स्थानीय तहले पाउने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष परिमाण प्रमाणित नगरी देहायको खानी संचालकले स्थानीय विकास शुल्क दाखिला गरेको छ । परिमाण यकिन गरी प्रदेश सरकारले तोकेको चुनढुङ्गाको मिष्कट प्रतिघमी हुने समेत असुली गर्नुपर्ने अवस्था देखिँदा सो गरेको नदेखिएकोले यकिन गरेको प्रमाण पेश गरेको छैन।माथिको तालिका ७२१२९७.७४ मेट्रिक टन चुनढुङ्गा र मष्कट स्थानीय विकास शुल्क सम्झौता बमोजिम रू.४३३०१७१ असुल गरेको छ । सो मेट्रिक टनको परिमाण खानी तथा भूगर्भ विभागबाट प्रमाणित गरेको छैन र सिदार्थ सिमेन्टले कारोबारको विवरण र कर दाखिला गरेको देखिएन ।

सि.नं	सिमेन्ट उद्योग	टोन कुल परिमाण	स्थानीय शुल्क	कुल परिमाण घ.मि	दर मुअकर समेत	जम्मा प्राकृतिक स्रोतको कर	कैफियत अवधि
१	सर्वोत्तम सिमेन्ट टोन	३३१०७९.३४	१९८६४७६.०४	१३७९४९.७२	३१९.४७	४४०७०७९७	
२	सत्यवति टोन	६९१९९	४१५१९४	२८८३२.९१	३१९.४७	९२४३१९६.७५	
३	डोलोमाइट चुनढुङ्गा	४९५४०.५	२९७२४३	२०८०६.५४	३१९.४७	६६४७०६५.३४	असोज-असार
४	सिदार्थ						
५	कन्चन क्वाइरिज टोन	१६०२३६.१९	९६१४७०	६६७६५.०८	३१९.४७	२१३२९४४०.१०	पौष-असार
६	अल्फा डेभलर्प्स	१११२४२.७१	६६७४५६.२६	४६३५१.२	३१९.४७	१४७७५८७०.९०	
जम्मा		७२१२९७.७४	४३३०१७१	३००७०५.४५		९६०६६५५२.०९	प्रतिकेजी २४०० Kg/m^3को दरले र रोयल्टी प्रतिघनफुट मुअकर समेत ९.०४

माथिको तालिका ७२१२९७.७४ मेट्रिक टन चुनढुङ्गा र मष्कट स्थानीय विकास शुल्क सम्झौता बमोजिम रू.४३३०१७१ असुल गरेको छ । सो मेट्रिक टनको परिमाण खानी तथा भूगर्भ विभागबाट प्रमाणित गरेको छैन र सिदार्थ सिमेन्टले कारोबारको विवरण र कर दाखिला गरेको देखिएन ।

२५ सामुदायिक वनको आय

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन पैदावर बिक्री वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

२६ सामाजिक सुरक्षा

२६.१ सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको भाद्र मसान्त भित्र नविकरण गरिसक्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट प्राप्त SSNP Grant Report (अनुसुची ४) बमोजिम आर्थिक वर्ष २०८०।८१ मा अन्य जेष्ठ नागरिक भत्ता लिएका ११४१ लाभग्राही मध्ये चालू वर्षको लागि लेखापरीक्षण अवधिसम्म नविकरण गर्न आएका उक्त लाभग्राही संख्या ११२६ मात्र रहेको पाईयो । पालिकाबाट नविकरण गर्न नआएका लाभग्राहीको पहिचान गरी लाभग्राही एकिन गर्ने कार्य भएको पाईएन्। आर्थिक वर्ष २०८१।८२ को लागि नविकरण गर्न नआएका १५ लाभग्राही पहिचान गरी २०८०।८१ मा भुक्तानी भएको प्रति व्यक्ति रु.४८,००० का दरले रु.७,२०,००० सामाजिक सुरक्षा भत्ता तथा लाभग्राही सम्बन्धमा एकीन हुनुपर्दछ । साथै अन्य लाभग्राही समुहमा समेत नविकरण गर्न नआएका लाभग्राही वास्तविक लाभग्राही भएको एकीन गर्ने सम्बन्धमा पालिकाबाट छानबिन हुनुपर्दछ ।

२६.२

सामाजिक सुरक्षा कार्यविधि २०७७ अनुरुप लगत अद्यावधिक गर्नुपर्ने सोहि कार्यविधिको अनुसुचि १० अनुसार बैंक संग निश्क्रिय खाताहरुको विवरण माग गरी हिसाव मिलान गर्नुपर्ने र सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २२ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी अभिलेखको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने नियम १६ बमोजिम भएको व्यवस्थाहरुको विवरण पालिकाले त्रैमासिक तथा बार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने लगायतका विषयमा सुधार हुनुपर्दछ ।

२७ **कानूनी सल्लाहकार**

लुम्बिनी प्रदेशको स्थानीय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७६ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव/ सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड अनुसार खर्च गरेको देखाए तापनि सो परिपत्रको आधारमा खर्च गर्न मिल्दैन।तर पालिकाले यस वर्ष एक जना कानूनी सल्लाहकार मासिक रू.८००० को दरले भुक्तानी गर्ने गरी नियुक्त गरेको छ । गो.भौ.नं- १२६। २०८०।०७।२३ र ७२९।२०८१।०३।१६ बाट पारिश्रमिक बापत भुक्तानी गरेको रकम अनियमित देखिएको रू.

अनियमित भएको	९६,०००

२८ **अनुगमन मूल्याङ्कन**

लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिकाको बुँदा नं १९ मा सार्वजनिक निकायको कार्य जिम्मेवारी तथा कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरेवापत तलव वा पारिश्रमिक बाहेकको अन्य थप सुविधा वा अतिरिक्त भत्ता लिन नपाइने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं- ९३२।२०८१।०३।२४ बाट गाँउपालिकाको कार्यक्षेत्र भित्र पर्ने योजना वा अनुगमन गरे वापत रु.९८००० अनुगमन भत्ता दिएको पाइयो । कठीन भुगोलको कारण योजना अनुगमन गर्न ७।८ घण्टा लाग्ने भएकोले कर्मचारीलाई खाजा खानाको लागी दिएको भनाई रहेको छ । पालिकाले खर्च लेख्दा मितव्ययिता कायम गर्नुपर्दछ ।

२९ **क्याम्पस अनुदान**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा स्थानीय तहले आधारभुत र माध्यमिक विद्यालयको शिक्षा क्षेत्रमा कार्य गर्न सक्ने उल्लेख गरेको छ ।पालिकाले गो.भौ.नं- ९२२।२०८१।०३।२४ बाट मस्याम एकिकृत क्याम्पसलाई क्याम्पस संचालन अनुदान बापत भुक्तानी दिएको पाइएकोले यस्तो खर्च नियमसंगत नदेखिएको रकम रू

अनियमित भएको	३,८९,०००

३० **फिल्ड भत्ता**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ वमोजिम गाँउपालिकाले कार्यवोझ राजश्व क्षमता, खर्चको आकार, स्थानीयको आवश्यकता र विशिष्टता लाई समायोजन पश्चात संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा विषयगत शाखा र संगठन संरचना (वडागत) तयार गरी स्थायी / करार र कार्यक्रमवाट पदपूर्ति गर्ने खुलाई सभावाट दरवन्दी स्वीकृत गराउनुपर्ने व्यवस्था छ । पालिकाले दरवन्दी स्पष्ट नगरी पालिकामा वडागत प्राविधिक दरवन्दी भएको अवस्थामा ६ जना प्राविधिक कर्मचारीलाई रु ८९४२१४ फिल्ड भत्ता दिएको छ । पालिकाले कामको अभिलेख राखी थप सेवा सुविधा दिनुपर्दछ ।

३१ **खर्चको स्थिति**

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । कार्यालयले कार्यक्रममा वृद्धि, बजार मूल्यमा वृद्धि लगायतका कारणले खर्चमा वृद्धि भएको जानकारी दिएको छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

(रु.हजारमा)

क्र.सं	खर्च शिर्षक	२०७९।८० को खर्च	२०८०।८१ को खर्च
१	करारका कर्मचारीको तलब खर्च	१५६४४	१५७९३
२	पदाधिकारी सेवा सुविधा	७४९९	६८३३
३	पदाधिकारी तथा कर्मचारी बैठक भत्ता	१९१०	१९९०
४	पदाधिकारी तथा कर्मचारी भ्रमण खर्च		९५९
५	सभा संचालन खर्च	१४७६	१६५९
६	विविध खर्च	३१७३	३८३५
७	ईन्धन	२१२८	२२११
८	मसलन्द	१९९९	१२४७
९	अनुगमन मूल्यांकन खर्च		९९९
१०	सवारी साधन मर्मत संभार खर्च	२१३७	२३१५

३२ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तथा कार्यापालिकाको निर्णय बमोजिम विभिन्न व्यक्तिहरुलाई विपद् व्यवस्थापनको लागि रु. ४,८६,००० आर्थिक सहायता वितरण गरेको छ। सहायता वितरण गर्ने कार्य अन्य तहका सरकारसँग समेतको समन्वयमा दोहोरो नपर्ने गरी व्यवस्थित बनाउनुपर्दछ।

३३ राजनीतिक दललाई आर्थिक सहयोग

तिनाउ गाउँपालिका आर्थिक सहायता सम्बन्धी निर्देशिका २०८० मा राजनीतिक दललाई आर्थिक सहायता दिन सकिने व्यवस्था नभएको साथै स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि २०७७ को सूचक न ६५ मा राजनीतिक दल वा तिनका भ्रातृ वा भगिनी संगठनहरुलाई आर्थिक सहायता वा अनुदान प्रदान नगरिएको प्रमाण राख्नुपर्दछ । तर पालिकाले निम्न बमोजिम राजनीतिक दलको जिल्ला सम्मेलनको लागि प्रदान गरेको आर्थिक सहायता दिइएको देखियो।

गो.भौ.न/मिति	विवरण	रकम	कैफियत
३४-२०८०.०६.१२	अखिला नेपाल राष्ट्रिय विद्यार्थी युनियन(क्रान्तिकारी)	७०००	
३०५-२०८०/११/१६	नेपाली काग्रेस	१००००	भुक्तानी दुर्गा बहादुर थापालाई दिइएको
	नेपाल कम्युनिस्ट पार्टी	१५०००	भुक्तानी मिन बहादुर आलेलाई दिइएको
३८५-२०८०/१२/२६	नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र)	१००००	भुक्तानी टिकाराम खरेललाई दिइएको
	जम्मा	४२०००	

३४ बढी भुक्तानी

लुम्बिनी प्रदेश, अर्थ तथा सहकारी मन्त्रालयले जारी गरेको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को तालिम सम्बन्धी खर्चको मापदण्ड अन्तर्गत अधिकृतस्तरको बाहिरी प्रस्तुतकर्तालाई प्रति सत्र कार्यपत्र वापत रू.२००० र प्रवचनवापत रू.१५०० दिन सकिने व्यवस्था गरेको छ ।पालिकाले मिति २०८०।१२।१६-१७ मा कर्मचारीहरुलाई स्थानीय सरकार सम्बन्धी सीपमुलक तालिम संचालन गर्दा प्रशिक्षक कृष्णहरी बास्कोटालाई ६ वटा सत्रको प्रशिक्षण बापत रू.२२०० र कार्यपत्र वापत रू.२००० भुक्तानी गरेको छ । प्रदेशले तोकेको कार्यविधि विपरित प्रति सत्र बढी रकम रू.७०० को दरले ६ वटा सत्रको रू.४२०० सम्बन्धितबाट असुल गर्नुपर्ने रकम रू.

असुल गर्नुपर्ने	४,२००

३५ **जिन्सी निरीक्षण बैठक भत्ता**

जिन्सी निरीक्षणको बैठक भत्ता : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९को उपनियम (१)मा कार्यालय प्रमुखले कार्यालयको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैँ वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराई महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने व्यवस्था छ। त्यसैगरी लुम्बिनी प्रदेश सरकार सार्वजिनक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को बुदा १९ मा सार्वजनिक निकायको कार्यक्षेत्र तथा कार्य जिम्मेवारीभित्र पर्ने नियमित प्रकृतिको काम गरे बापत तलब भत्ता वा पारिश्रमिक बाहेक अन्य थप सुविधा तथा अतिरिक्त भत्ता लिन पाइने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले कानुनद्वारा नै स्पष्ट तोकिएको आफ्नो जिम्मेवारी भित्र पर्ने नियमित प्रकृतिको काम गरे बापत अतिरिक्त कार्यसम्पादन मानि बैठक/दैनिक भ्रमण भत्ता भक्तानी लिने/दिने कार्य नियमसँगत नदेखिएको रु

गो.भौ. मिति	**पदाधिकारी**	**भूक्तानी लिएको रकम रु.**
१०४ २०८०-०७-१२	कृष्ण कार्की	१०,०००
	खिम बहादुर राना	७५००
	बल बहादुर वि.क.	७५००
	हरी प्रसाद पराजुली	७५००

अनियमित भएको	३२,५००

३६ **वितरणमुखी खर्चः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट तयार गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारी र औचित्य समेतलाई विचार गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पूूँजी सिर्जना नहुने खालका वितरणमुखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजी निर्माण हुने किसिमका योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । पालिकाले विभिन्न कार्यक्रममा विभिन्न सामाग्री वितरण गरी देहाय बमोजिमको रकम खर्च लेखेको छ ।यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

गो.भौ.नं/मिति	कार्यक्रमको नाम	विवरण	रकम
५६६।२०८१।०२।०६	ज्येष्ठ नागरिकलाई काठमाडौ, ललितपुर भ्रमण	अवलोकन भ्रमण	१८१२८६
५९३।२०८१।०२।१७	एकल महिलालाई गुल्मी बाग्लुङ भ्रमण	अवलोकन भ्रमण	२१३९२५
६७१।२०८१।०३।०२	दलित समुहको लागि विभिन्न सामाग्री वितरण	मादल, मजुरा लगायतका सामाग्री वितरण	२९१४५३
जम्मा			६८६६६४

३७ **बढी भुक्तानी**

लुम्बिनी प्रदेश सरकार सार्वजिनक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को तालिम सम्बन्धी खर्च मापदण्ड अनुसार तालिम कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पालिकाले गो.भौ. ३५ मिति २०८०।०६।१२मा सफ्टवेयर तालिम तथा विविध खर्च वापतको रकम भुक्तानी गर्दा खर्च मापदण्ड बेगर विविध खर्च, व्यवस्थापन खर्च र तालिम प्रशिक्षण विविध खर्चमा बढी भुक्तानी रु. ५८१० दिइएकोले सो रकम सम्बन्धित पक्षबाट असुलउपर गरी दाखिला गर्नुपर्ने।

असुल गर्नुपर्ने	५,८१०

३८ **इन्धन मर्मत वीमा खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(६) मा उपलब्ध स्रोत सम्पत्तिको समुचित उपयोग मर्मत तथा संरक्षणको उचित व्यवस्था सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । पालिकासँग भएको देहायको उपकरणमा खर्च गरेकोमा मूल्यश्रृङ्खलामा योगदान दिएको र दोहोरो नपरेको जिम्मेवारीमा प्रयोग भएको यकिन हुने अभिलेख नभएको र आयसँग समेत तुलना नगरी खर्च लेखेको देखियो । कार्यालयबाट प्राप्त विवरण अनुसार इन्धन र मर्मत लगायतको खर्च देहायबमोजिमको रहेको छ ।

सि.नं	सवारी तथा उपकरण	मर्मत	इन्धन	वीमा	चालक	जम्मा
१	४ पाङग्रे साधन (१)	१०२८३३०	८२५६५४	४५२२७	३५८९३०	२२५८१४१
२	२ पाङग्रे साधन (२०)	५४४७२४	८७५७१६	२५२८०५		१६७३२४५
३	२ पाङग्रे निजी साधन (२०)		२६९५६४			२६९५६४
४	जेनेरेटर (१)	३१४१८	१८४६०			४९८७८
५	जेसिबी व्याकहोलोडर(१)		१६८९८०		७०७५९०	८७६५७०
६	४ पाङग्रे भाडाको (१)		१२००००			१२००००
७	घर भाडा (३)					५४००००
जम्मा		१६०४४७२	२२७८३७४	२९८०३२	१३६६५२०	५५४७३८८

३९ नविकरण जरिवाना

पालिकाको स्वामित्वमा रहेको १८ सवारी साधनको नवीकरण गर्दा रू.१७४०० जरिवाना तिरेको छ । पालिकाको जिम्मेवार व्यक्तिले समयमा जिम्मेवारी निर्वाह नगर्दा थप खर्च गर्नुपर्ने हुँदा सम्बन्धितबाट असुल गर्नुपर्ने रकम रू.

असुल गर्नुपर्ने	१७,४००

४० चाडपर्व सुविधा

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को मार्गदर्शन ७ मा ६ महिना करार सेवा गरेको शिक्षक कर्मचारीलाई चाडपर्व खर्च उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाले देहायको ६ महिना करार सेवा नपुगेका शिक्षक कर्मचारीलाई भुक्तानी भएको चाडपर्व खर्च असुल गरी दाखिला गर्नुपर्ने रकम रू.

विद्यालयको नाम	शिक्षकको नाम	नियुक्ती मिति	रकम
युवापर्व मा.बि	खेमराज भण्डारी	२०८०।०२।२१	४८७३७
युवापर्व मा.बि	पवन थापा	२०८०।०२।१०	४३६८९
युवापर्व मा.बि	रामचन्द्र पौडेल	२०८०।०२।२१	४३६८९
युवापर्व मा.बि	संचिता पन्थी	२०८०।०२।०१	३४७३०
ज्ञानोदय मा.बि	विनोद ज्ञवाली	२०८०।०५।०६	४३६८९
तिलोत्तमा मा.बि	सुनिल कुमार	२०८०।०२।०९	४३६८९
सरस्वती मा.बि	रोहित गुप्ता	२०८०।०२।०८	३४७३०
जम्मा			२९२९५३

असुल गर्नुपर्ने	२,९२,९५३

४१ **आनुपातिक कट्टी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम लाभग्राहीबाट कार्य गराउँदा लाभग्राहीको अंश कट्टा गर्नुपर्ने व्यवस्था छ । गिटीखानी खानेपानी आयोजनाको सम्झौतामा १०% लागत साझेदारी हुने उल्लेख भएतापनि ८.३३ % प्रतिशत कट्टा गरेकोले रू.३९२३०४ को घटी प्रतिशत (१.६७%) आनुपातिक कट्टी असुल गर्नुपर्ने रकम रू.

असुल गर्नुपर्ने	६,५५२

४२ **दिवा खाजा कार्यक्रम**

विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मका विद्यार्थीको लागि गुणस्तरीय खाजा उपलब्ध गराउनको लागि सङ्घीय सरकारवाट प्रति विद्यार्थी प्रति दिन विद्यालयमा उपस्थित भएको दिन लाई आधार मानेर रु.१५ का दरले विद्यालयमा अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ । शिक्षा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.११.१ (ग) मा गुणस्तरीय खाजाको व्यवस्थापनको लागि संङ्घीय सरकारवाट शशर्त अनुदानका रुपमा वित्तीय हस्तान्तरित रकम अपर्याप्त भएमा स्थानीय तहले थप स्रोतको व्यवस्थापन गर्न एवम् विद्यालयका अभिभावक तथा गैरसरकारी सङ्घ संस्था संग वा अन्य निकायसँग लागत साझेदारी गर्न सकिने व्यवस्था छ । पालिकाले विद्यालयले उपलब्ध गराएको खाजाको दर विश्लेषण तथा सङ्घीय सरकारले उपलब्ध गराएको रकम अपर्याप्त हुने आधार र कारण वेगर पालिकाले ५ कक्षा सम्मको लागि रु.३ को दरले रु १०,३१,९३९ रकम थप गरेर दिएको नियमसंगत देखिदैन । त्यस्तै पालिकाले कक्षा ६ को लागि दिवा खाजा वापत रु.१८ का दरले रु ९,६७,४६३ निकासा दिएकोमा सोको जानकारी शिक्षा तथा मानवश्रोत केन्द्रमा पठाएको पाइएन । पालिकाले थप निकासा दिँदा खाजाको दर विश्लेषण गरी आवश्यक रकम मात्र निकासा दिनुपर्दछ ।

गो. भौ. नं.	पालिकावाट भुक्तानी भएको रु	कक्षा ६ को लागि रु	अन्य रु
१८३।०८०।८।२६	५१००६३	२३७९४२	२७२१२२
२४१।०८०।१०।१८	५२४१७२	२४४०९८	२८००७४
५७७।०८१।२।८	४८६०४५	२३४९५४	२५१०९१
७३१।०८१३।१६	४७९१२२	२५०४७०	२२८६५२
जम्मा रु	१९९९४०२	९,६७,४६३	१०,३१,९३९

४३ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा EMIS को विवरण अनुसार कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १०१३ जना रहेका छन । उक्त संख्यालाई आधार मान्दा २०२६० प्याड वार्षिक आवश्यक पर्ने देखिन्छ । पालिकाले गो.भौ.नं ६८। ०८०।१०।२२ बाट २७४३० थान स्यानिटरी प्याड रु. ७२७१६३ (मु.अ.कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा भण्डार गरी राख्नुपर्दछ । पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

गत वर्षको मौज्दात	यो वर्ष खरिद	जम्मा	वितरण	बाँकी मौज्दात
०	२७४३०	२७४३०	१३८००	१३६३०

४४ **सत्यापन**

शिक्षा तथा मानवश्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियव पुस्तिका २०८०।०८१ मा IEMIS मा प्रविष्ट भएको संख्यालाई (सत्यापन) गराई विद्यार्थी संख्या एकिन गरेर मात्र विद्यालयलाई प्रति विद्यार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ ।

पालिकाले IEMIS मा प्रविष्ट भएको तथ्याङ्कको आधारमा निम्न कार्यक्रममा रकम निकासा गरेको छ । विद्यालयले IEMIS को तथ्याङ्कको आधारमा विद्यार्थी संख्या एकिन नगरी निकासा दिएकोमा शिक्षा समिति गठन गरी अनुगमन गरेको पाईएन । पालिकाले सत्यापन पश्चात निकाशा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

क्रस	कार्यक्रम	रु
१	दिवा खाजा	७४,०१,२४७
२	प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामाग्री	८,९१,७००
३	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	१३,००,०००
४	छात्रवृत्ति	६,९४,२००
५	निशुल्क पाठ्यपुस्तक	२४,०८,०००

४५ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दि हुनुपर्दछ । पालिका अन्तर्गतका निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा पालिकावाट सो भन्दा बढी हुने गरी थप शिक्षक व्यवस्था गरी तलव भत्ता भुक्तानी भएको पाईयो । पालिकाले नियमवलीले तोकेको शिक्षक विद्यार्थी अनुपात मिल्ने गरी विद्यालय व्यवस्थापन गर्नुपर्दछ ।

क्रस	विद्यालयको तह	कुल विद्यालय	कुल विद्यार्थी संख्या	कुल शिक्षक सङ्ख्या	शिक्षक विद्यार्थी अनुपात
१	आधारभूत तह	३०	२८०३	१९४	१:१५
२	माध्यमिक तह	९	९६६	३३	१:३०

४६ **सीप विकास तालिम (मेडपा कार्यक्रम)**

गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । पालिकाका सीप विकास तालिम (सिलाई कटाई सिप विकास तालिम) मा रु.५,२५,९९८ खर्च गरेको छ । उक्त तालिम लिएका तथा मेसिन उपकरण लिएका मध्ये के कति जनाले उक्त तालिम तथा प्रविधिको प्रयोग गरी लघु उद्यम संचालन गरेको भन्ने अभिलेख गाउँपालिकाले राखेको छैन । गाउँपालिकाले वर्षेनी तालिम संचालन गर्ने तर उक्त तालिमको प्रयोग गरी प्रशिक्षार्थिहरुले व्यवसाय तथा उद्यम सूरु नगरेको अवस्थामा तालिमको औचित्य रहदैन । तसर्थ पालिकाले हालसम्म संचालन गरेका व्यवसायिक तालिम तथा कार्यक्रमहरुको उपलब्धी मापन गर्नुपर्दछ ।

४७ **दरबन्दी बाहिर स्वास्थ्यकर्मी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकीदार, माली, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले दिएको विवरण अनुसार विभिन्न स्वास्थ्य संस्थामा दरबन्दी बाहेक करारमा ११ कर्मचारी नियुक्ति गरी रु. ३१,२४,५५० भूक्तानी दिएको दरबन्दी भन्दा बढी भएको भूक्तानी नियमसंगत नदेखिएको रु.

अनियमित भएको	३१,२४,५५०

४८ **न्यानो झोला वितरण**

आर्थिक वर्ष ०८०।८१ मा स्थानिय तहहरुवाट गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु संचाल सम्बन्धी मार्गदर्शन कार्यक्रम नं नं २ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत न्यानो झोला कार्यक्रमको लागि न्यानो झोलाको मापदण्ड निर्धारण गरेको छ । सोही वमोजिम तोकिएको गुणस्तरमा न्यानो झोला उपलब्ध गराउनु पर्दछ । पालिकाको वर्थिङ्ग सेन्टरमा ४५ जना सुत्केरी संख्या भएकोमा यस आर्थिक वर्षमा पालिकाले न्यानो झोला खरिद गरेको छैन । लेखापरीक्षणको क्रममा गत वर्षको मौज्दात रहेको र सोही वाट वितरण गरेको भन्ने भनाई रहेको छ । पालिकामा गत वर्षको मौज्दात कति परिमाणमा रहेको विवरण पेश भएन । जसवाट सम्पुर्ण सुत्केरी आमाले गुणस्तरिय झोला प्राप्त गरे भनि एकिन हुन सकिएन । पालिकाले कार्यविधिले तोके वमोजिमको गुणस्तरिय न्यानो झोला उपलब्ध गराउनुपर्दछ ।

४९ **वर्थिङ सेन्टर**

स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन (शसर्त अनुदान मार्फत हस्तान्तरीत कार्यक्रम), २०८०।८१ को मातृ तथा नवशिशु कार्यक्रमको क्रियाकलापन नं ३ मा स्वास्थ्य चौकी तथा प्रा.स्वा केन्द्र मा उपलब्ध नर्सिङ जनशक्तिले २४ औ घण्टा प्रसुती सेवा दिन नसक्ने अवस्था भएकोमा वर्थिङ सेन्टरको स्थापना गर्ने व्यवस्था गरेको छ । जहाँ वार्षिक ६० जना वा सो भन्दा कम प्रसुति भएको खण्डमा करारमा अनमी खटाउन पाइने छैन भन्ने व्यवस्था छ । पालिकाले निम्न वर्थिङ्ग सेन्टरमा कार्यविधिले तोकेको मापदण्ड भन्दा थोरै सुत्केरी सङ्ख्या भएकोमा करारमा अनमी नियुक्ति गरी तलव भत्ता भुक्तानी दिएको नियम संगत देखिदैन । (उक्त अनमीको तलव भत्ता करारका स्वास्थ्यकर्मीको तलवको दफामा लगती गरिएको छ ।

वर्थिङ्ग सेन्टर	सुत्केरी संख्या	स्थाई दरवन्दी अ न मी	स्थाइ पदपूर्ति अनमी	करार नियुक्ती	करार को वार्षिक तलव भत्ता वितरण
दोभान स्वा चौ	२१	२	२	१	२८४०५०
कचल स्वा चौ	२०	२	१	१	२८४०५०
मश्याम स्वा चौ	४	२	२	०	
जम्मा	४५				५,६८,१००

५० **कृषि अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकावाट २८२ जनाको लागि रु. ६०,७३,१५० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

क्र.सं	अनुदानको किसिम	व्यक्ति संख्या	रकम (रू.हजारमा)
१	५०% अनुदानमा मिनिटिलर वितरण (४.२ KW Diesel Engine)	१८४	४२४२१५०
२	खोर सुधार ५० प्रतिशत अनुदान	१६	१६००००
३	गोठ सुधार ५० प्रतिशत अनुदान	३०	३०००००
४	गोठ निर्माण ५० प्रतिशत अनुदान	२	१०००००
५	खोर निर्माण ५० प्रतिशत अनुदान	३	१५००००
६	च्याफकटर वितरण ५० प्रतिशत अनुदान	८	१५६०००
७	माछा प्रवर्द्धन ५० प्रतिशत अनुदान	१	९८०००
८	प्लाष्टिक पोखरी	३८	८६७०००
	जम्मा	२८२	६०,७३,१५०

५१ दुग्ध अनुदान

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी निकायले रकम खर्च गर्दा बिल भरपाई वा रित पुगेको वा नपुगेको चेकजाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले दुग्ध उत्पादक किसानलाई प्रतिफलमा आधारित अनुदान अन्तर्गत प्रति लिटर रू.२ रुपैँयाको दरले अनुदान उपलब्ध गराएको डुम्रे दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडलाई रू.६००२२६ भुक्तानी खर्च लेखेको छ। पालिकाले सो सम्बन्धी कार्यविधि तयार नगरी अनुदान उपलब्ध गराएकोमा सो सम्बन्धी कार्यविधि बनाई र दोहोरो अनुदान भए नभएको सम्बन्धमा एकिन गरी यस्ता प्रकृतिको अनुदान उपलब्ध गराउनुपर्ने देखिन्छ ।

५२ टुलबक्स खरिद

५२.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम सार्वजनिक निकायले मालसामान खरिद गर्दा प्रतिष्पर्धा गरी प्रतिष्पर्धी मूल्यबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले २० सेट मिनिटिलर टुलबक्स एग्रो इन्जिनियरको प्रतिथान रू.४५५० को दर स्वीकृत नगरी रू.४५८० रामजानकी फर्मबाट आपूर्ति गर्दा बढी दरबाट खरिद गरेको रामजानकीबाट असुल गर्नुपर्ने रकम रू.

असुल गर्नुपर्ने	६००

५२.२ वडा नं ५ को लाभग्राहीको लागि खरिद भएको मिनिटिलर टुलबक्स तानसेन ३ र वगनासकाली २ गरी जम्मा लक्षित समुह बाहिरलाई मिनिटिलर टुलबक्स वितरण गरेकोले वितरण गर्नेबाट असुल गर्नुपर्ने रकम रू.

असुल गर्नुपर्ने	२२,९००

५३ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ६ वडामा १३ योजना सञ्चालन गरी यस वर्ष ६९ जनालाई औसत ९८.२१ दिन रोजगारी उपलव्ध गराई रु.४५,२७,०३६ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी

कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

५४ खरिद प्रतिस्पर्धा

सार्वजनिक खरिद नियमावली २०६४ अनुसार प्रतिष्पर्धी र मितव्ययी ढंगले खरिद गर्नु पर्ने र एकमुष्ठ बजेटलाई टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्नेमा यस पालिकाले गाँउपालिका भवन तला थप कामको रु.१,२७,४०,००० वजेट, बिद्यालय फर्निचर व्यवस्थापनको रु.२९,४०,००० तथा ब्याकहो लोडर खरिदको रु.५५,००,००० बाट गाँउसभाको मिति २०८१ असार १९ को निर्णय बमोजिम मस्याम माध्यामिक बिद्यालयको होस्टल व्यवस्थापनको लागि रु.१० लाख भित्रका ६ वटा तपसिल बमोजिम टुक्रा पारी लागत अनुमान कै हाराहारीमा प्रतिष्पर्धा वेगर कोटेशनबाट सोझै खरिद गराइ रु.३५,८८,२२० भुक्तानी दिएको छ । उक्त कानूनी व्यवस्था अनुसार प्रतिष्पर्धात्मक रुपले खरिद कार्य गर्नु पर्दछ । उल्लिखित बमोजिम अनियमित भएको रु.

बजेट	सम्झौता मिति	सम्झौता रकम	सप्लायर्स	कामको विवरण	गो.भौ. र मिति
गाँउपालिका भवन तला थप	२०८१।०३।०७	८,०१,७४६	पाल्पा भैरव ईन्टरप्राईजेज	फर्निचर तथा फर्निसिङ्ग सामान खरिद	६१३-०८१।३।२३
	२०८१।०३।०७	३,०९,२३५.८०	सिटिजन फर्निचर एण्ड ट्रेडर्स	फर्निचर तथा फर्निसिङ्ग सामान खरिद	
	२०८१।०३।०३	८,२१,२८४.२७	पाल्पाली ईन्जिनियरिङ्ग ग्रिल उद्योग	फर्निचर तथा फर्निसिङ्ग सामान खरिद	
विद्यालय फर्निचर व्यवस्थापन	२०८१।०२।२३	४,८८,५५५	फण्ट लाईन	ईलेक्ट्रोनिक सामान	६१५-०८१।३।२३
	२०८१।०३।१६	५,४०,३९८.७७	युनिभर्सल जनरल सप्लायर्स	फर्निचर तथा फर्निसिङ्ग सामान खरिद	
ब्याकहो लोडर खरिद	२०८१।०३।१९	६,२७,०००	मस्याम माध्यामिक विद्यालय	फर्निचर तथा फर्निसिङ सामान खरिद	६७६-०८१।३।२४
				अनियमित भएको	३५,८८,२१९.८४

५५ पुँजीगत खर्चको अवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को पत्र ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजीगत शिर्षकबाट रु.१४,३६,३६,८६५ खर्च गरेकोमा रु.३,८७,५९ ,८२९ अर्थात् २६.९८ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सोझै रु. १,१३,२५,९७९ र उपभोक्ता समितिबाट रु. ९३५५१०५७ को खरिद गरेको छ। सोझै तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

५६ प्रशासकीय भवन निर्माण

५६.१ कार्यालयको मुख्य भवनको तल्ला थप र बाउण्ड्रीवालमा रिटेनिङ गरी भवनको सतह मिलाउने काम समेतको रू.३,१२,७७,६२८ को लागत अनुमान तयार गरी ८।०७९।८० को प्रतिष्पर्धा गराउँदा रू.२,६४,८९,७२५ प्रतिष्पर्धी कबोल अंक (१५.११%) स्वीकार गरी २०८०।०३।११ बाट सुरु गरी मिति २०८१।०३।१० सम्म सम्पन्न गर्नेगरि सम्झौता भएकोमा तेस्रो बिलसम्म रू.९९२४५०१।६० बराबरको प्राविधिक मूल्याङ्कन भएको छ । सम्पन्न गर्नुपर्ने अवधिसम्म ३७.४६% कार्यप्रगती भएको देखिन्छ । सो अवधिपछि म्यादथप गरेको देखिएन, बाँकी कामको लागि म्याद थप भएको छैन । छाना लगाइसकेको र प्लाष्टरको काम गरी अरु बाँकी देखिन्छ । सो को परीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छ ।

५६.२ ..

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-२४** को निर्णयले रू **३,०३९,०१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५७ **कचल झिंगामारा ठुलीउदाङ मोटरबाटो स्तरोन्नति (२७-०८१।०३।२४)**

सार्वजनिक खरिद नियमावलीको नियम १२५(६) मा सम्पन्न निर्माण कार्य स्वीकृत ड्रईङ, डिजाईन वा स्पेशिफिकेशन बमोजिम भएको पाईएमा त्यस्तो अधिकारीले त्यस्तो निर्माण कार्य स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ । साथै सोही नियमावलीको नियम १२८(२)(घ) मा सम्झौताको उल्लंघन भएमा सम्झौताको अन्त्य गर्ने र सम्झौता बमोजिमको काम नगर्ने आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदाताको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने व्यवस्था रहेको छ । पालिकाले ठेक्का नं. ०१।०८०-८१ बमोजिम निर्माण व्यवसायी मणिमुकुन्द कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता गरी २०८१।०३।२२ मा कार्यस्वीकार प्रतिवेदन पेश भएकोमा सम्झौताको मूख्य कार्य ग्रानुअल सबबेस १३५० घनमिटरको काम गर्नुपर्नेमा उल्लिखित मितिमा जारी कार्यस्वीकार प्रतिवेदन तथा नापचाँज र नापी किताब अनुसार ९३६.४६ घनमिटर मात्रको काम गरी बाँकी ४१३.५४ घ.मी. को रु. ६,६१,६६४ कार्य अधुरो राखी सम्झौताको उल्लंघन गरेकोले नियमावलीको व्यवस्था बमोजिम उक्त निर्माण व्यवसायीको कार्यसम्पादन जमानत रु.५,०५,००० जफत गरी बाँकी कार्य गराउनुपर्ने रु.

असुल गर्नुपर्ने	५,०५,०००

५८ **उपभोक्ता समिति दर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २७३ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.९,४४,५१,०५५ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

५९ **समितिले निर्माण व्यवसायीको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैँले सम्पन्न गराउनु पर्ने तथा कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नपाउने व्यवस्था गरेको छ । नमुना छनौट गरी परिक्षण गर्दा पालिकाले देहाय अनुसार सडक निर्माण तथा स्तरोन्नति कार्यको लागि डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समितिको स्थानीय सिप तथा श्रम प्रयोग नहुने गरी हेभी मेसिन प्रयोग हुने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरे अनुसार देहाय अनुसार उपभोक्ता समितिले निर्माण व्यवसायीबाट कार्य गराई सम्झौता अनुसारको रकम भुक्तानी दिएको देखिन्छ । हेभी मेसिन प्रयोग हुने तथा जटील प्रकृतीका निर्माण कार्यहरु प्याकेजिङ्ग गरी प्रतिस्पर्धाको माध्यमबाट निर्माण व्यवसायीबाट गराउनुपर्दछ ।

गो.भौ.नं. र मिति	भुक्तानी रकम	उपभोक्ता समिति	कार्य	निर्माण व्यवसायी
७२-०८०।१०।१५	६८६०००	बङ्गरी गिजनचौर मोटरबाटो	मोटरबाटो स्तरोन्नति	खेम कन्स्ट्रक्सन
४८०-०८१।३।१७	४१६६५९	सपाङ्दी रिपटोल मोटरबाटो	मोटरबाटो स्तरोन्नति	रम्भादेवी सप्लायर्स प्रा.लि.
२२-०८१।३।२६	९७०१३१	ओर्लाफान मुर्थुम मोटरबाटो	मोटरबाटो निर्माण	राईजिङ कन्स्ट्रक्सन एण्ड विल्डर्स

६० **सब्सटेन्सियल वर्क कम्प्लिट**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७(११ शंसोधन) मा ९० प्रतिशत भौतिक प्रगति भएका निर्माण कार्यको ठेक्काको कार्य स्वीकार गर्न सकिने व्यवस्था छ । सो व्यवस्था अनुसार यस पालिकाले तपसिल बमोजिमका योजनाको ठेक्का सम्झौता अनुसारको केही कार्य गर्न बाँकी रहेको अवस्थामा कार्य स्वीकार गरेको छ । साथै पालिकाले भेरियसन गरी परिमाण समेत नघटाएको अवस्थामा उक्त कार्य गर्न नपर्ने अवस्था रहेको देखिदैन । साथै खरिद नियमावली बमोजिम कार्य स्वीकार दिएको अवस्थामा बाँकी कार्य गर्ने पर्ने अवस्थामा आउट स्टान्डिङ्ग वर्कको लिस्ट तयार समेत गरेको देखिएन । तसर्थ पालिकाले ठेक्का सम्झौतानुसारको काम पुरा भए पछिमात्र कार्य स्वीकार गर्नु पर्दछ ।

क्र.सं.	ठेक्का नं	योजना	निर्माण व्यवसायी	सम्झौता रकम	कार्य सम्पन्नदिएको रकम	बाँकी
१	१। ०८०-८१	कचल झिंगामारा ठूलीउदाङ मोटरबाटो स्तरोन्नति	मणिमुकुन्द कन्स्ट्रक्सन प्रा.लि.	४४३५१६२	४०३२२४८	४०२९१४
२	४। ०८०-८१	गोरबन्दी सत्यवती लगाड गिजनचौर पर्यटकीय सडक	रामदेवी डिजाईनर एण्ड विल्डर्स	३९७१९७२	३७७७५५०	१९४४२२
३		मरामकोट खानेपानी	मरामकोट खानेपानी उपभोक्ता समिति	१६२२४५२	९८९०६५	६३३३८७
४		ओर्लाफान मुर्थुम मोटरबाटो	ओर्लाफान मुर्थुम मोटरबाटो उपभोक्ता समिति	१६६९५२९	१०७९७७५	५८९७५४

६१ ननफाइलर

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम करदाताले तोकिएको अवधिमा मूल्य अभिवृद्धिकर विवरण पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले तपसिल बमोजिमको योजनामा मूल्य अभिवृद्धिकर भुक्तानी गरेकोमा उक्त करदाता आन्तरिक राजस्व विभागको अनलाईन पोर्टलबाट ननफाईलर देखिएकोले सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट कर समायोजन पत्र पेश गर्नुपर्ने रु.

योजनाको नाम	आपूर्तक/निर्माण व्यवसायी	गो.भौ.नं. र मिति	भुक्तानी भएको मूल्य अभिवृद्धिकर	कैफियत
बङ्गरी गिजनचौर मोटरबाटो	खेम कन्स्ट्रक्सन	७२-०८०।१०।१५	८००९०	२०८० दोस्रो त्रैमासिक
सपाङ्दी रिपटोल मोटरबाटो	रम्भादेवी सप्लायर्स प्रा.लि.	४८०-०८१।३।१७	४७९३७	२०७९ फाल्गुण
ओर्लाफान मुर्थुम मोटरबाटो	राईजिङ्ग कन्स्ट्रक्सन एण्ड विल्डर्स	२२-०८१।३।२६	१११६०७	२०८० जेठ
कचल झिंगामारा ठूलीउदाङ मोटरबाटो स्तरोन्नति	मणिमुकुन्द कन्स्ट्रक्सन प्रा.लि.	२७-०८१।३।२४	४५९१८९	२०८० तेस्रो त्रैमासिक
विद्यालय फर्निचर	फण्ट लाईन	६१५-०८१।०३।२३	५६२०५	२०८० दोस्रो त्रैमासिक
जम्मा रु.			७,५५,०२८	

प्रमाण पेश नगरेको	७,५५,०२८

६२ दर विश्लेषण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा भुक्तानी दिँदा उपभोक्ता समितिले पेश गरेको कामको मूल्य अभिवृद्धिकर बिजकको आधारमा मात्र मूल्य अभिवृद्धिकर पाउने व्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समितिबाट कार्य गराउँदा ढुंगा, गिट्टी तथा वालुवाको दर स्थानीय सामाग्री कलेक्सनको दर राखि सोमा मूल्य अभिवृद्धिकरसमेत जोडी दर विश्लेषण गरेकोमा नमुना छनौटमा परेका तपसिल बमोजिमका उपभोक्ता समितिले ढुंगा, गिटी तथा बालुवा खरिदको मूल्य अभिवृद्धिकर बिजक पेश नगरेको तथा स्थानीय कलेक्सनको दर राखि लागत अनुमान तयार गरेकोमा दरमा समावेश भएको मूल्य अभिवृद्धिकर दिन नमिल्ने देखिएकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

गो.भौ. र मिति	उपभोक्ता समिति	कार्य	परिमाण (घ.मि.)	प्रति एकाई मूअकर	जम्मा मू.अ.कर भुक्तानी	उपभोक्ता समितिको कर बिजक अनुसारको ढुंगा गिट्टी तथा बालुवा खरिदमा तिरेको मू.अ.कर	बढी मू.अ.कर भुक्तानी
३७४-०८१।२।२२	चरचरे मरामकोट मोटरबाटो	ढुंगा बिछ्याउने	१९६.७०	२९९	५८८१३	१५५७९७.७२	४१,७२४
		पिसिसि १:२:४	१८४.९३	२९८	५५१०९		
		ढुंगाको गाह्रो १:४	१४५.५२	३६८.४१	५३६११		
		ग्याबिनको कार्य	१०९.४५	२७४	२९९८९		
१०-२०८१।१।२०	दोभान झ्याङ्ला बगाहा मोटरबाटो	ढुंगा बिछ्याउने	१७१.८०	२९९	५१३६८	८९,१६४	१,२९,२०१
		पिसिसि १:२:४	१७२.८९	२९८	५१५२१		
		ढुंगाको गाह्रो १:६	१२७.०८	३६७.१९	४६६६३		
		ग्याबिनको कार्य	११६.७०	२७४	३१९५७		
		प्लम कक्रिट	१२२	३०२.१०	३६८५६		
१९०-०८०।१२।२७	घोडेवास मारावास मोटरबाटो	ढुंगा बिछ्याउने	४२	२९९	१२५५८	०	३५,८१९
		पिसिसि १:२:४	२८	२९८	८३४४		
		प्लम कक्रिट	५६	३०२.१०	१६९१७		
६६१-०८१।३।२४	मर्मत संभार योजना वडा नं ३	ढुंगा बिछ्याउने	२१.९८	२९९	६५७२	०	२१,३२३
		पिसिसि १:२:४	२१.८७	२९८	६५१७		
		ढुंगाको गाह्रो १:४	२२.३५	३६८.४१	८२३४		
५५३-०८१।३।१८	जनदिप मा.वि.	ढुंगाको गाह्रो १:६	३४.४२८	३६७.१९	१२४८४	६५२२	११,१२३
		पिसिसि १:२:४	१६.८०१	२९८	५००९		
७-०८०।१२।१८	केराबारी पातल मोटरबाटो	ढुंगा बिछ्याउने	८१.४५५	२९९	२४३५५	१०९२०	३७,४०३

		पिसिसि १:२:४	६५.९९७	२९८	१९६६७		
		ढुंगाको गाह्रो १:४	११.६७६	३६८.४१	४३०१		
४९३-०८१।३।१७	कालिमाटी ढाड मोटरबाटो	ढुंगा बिछ्याउने	३८.०४५	२९९	११३७५	०	२२,०५४
		पिसिसि १:२:४	३५.८३४	२९८	१०६७९		
जम्मा रु.							२९८६४७

असुल गर्नुपर्ने	२,९८,६४७

६३ **म्याद नाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले हात्तिकोट खानेपानी योजनाको लागी दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्योंट नभई रु. १६,८०,००० बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्योंट गर्नुपर्ने रु.

पेश्की	१६,८०,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : तिनाउ गाउँपालिका, पाल्पा , तिनाउ गाउँपालिका , पाल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Lekha Bahadur Basnet	२०८०-५-३	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	सुन्दर प्रसाद श्रेष्ठ	२०७७-६-३०	२०८०-५-३
लेखा प्रमुख	शंकर पुरी	२०७७-६-३०	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
७,८५५,४६५	१०,०४१,५५०.८४	७५५,०२८	०	०	१,६८०,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२०,३३२,०४३.८४
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	३,०४२,६१८
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१७,२८९,४२५.८४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७५६४०१८०.०५	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२८७२८५२७६	**चालु खर्च**	३०७७६६०६१.४३
प्रदेश सरकारबाट अनुदान	१८७९०६५२	**पूँजीगत खर्च**	१४३६३६८६५.३५
राजश्व बाँडफाँट	८४३०७७७०.४	**वित्तीय/अन्य व्यवस्था**	८२२३७८३८.६७
आन्तरिक आय	३७३४०२७३		
अन्य आय	८५४०४२१९		
कुल आय	५१३१२८१९०.४	**कुल खर्च**	५३३६४०७६५.४५
बाँकी मौज्दात		५५१२७६०५	

बेरूजु दफा ३.३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

१. कर कट्टी छुट सम्वन्धमा

गो.भौ.न./मिति	नाम	विद्यालयको नाम	रकम	करकट्टी हुनुपर्ने	कैफियत
४/२०८०-६-३०	दुर्गा बहादुर के.सी		१००००	२५००	कक्षा १२ मा उत्कृष्ट GPA ल्याउने विद्यार्थीलाई पुरस्कार स्वरुप नगद प्रदान गरिएको
	तुलसी लम्तरी		१००००	२५००	
	माया गाहा		१००००	२५००	
८/२०८०-९-२९	भिमिसरा बाकावल	पृथ्वी प्रकाश मा.वि	१००००	२५००	
	दिलमाया रेश्मी	"	१००००	२५००	
६/२०८०-८-२०	मनका देवी काफ्ले	तिलोत्तमा मा.वि	५०००	१२५०	शिक्षा शाखाबाट भाद्र २९ मा सम्पन्न तिजगित प्रतियोगितामा पुरस्कार वितरण
	सुर्य प्रसाद पौडेल	दोभान मा.वि.	४०००	१०००	
	पृथ्वी ज्ञवाली	मस्याम मा.वि.	३०००	७५०	
	डोल बहादुर लम्तरी	युवावर्ष मा.वि	२०००	५००	

२. दिवा खाजा सम्वन्धमा

क्र.स	विद्यालयको नाम	बढि भएको दिन	विद्यार्थी संख्या	बढी निकासा
१	तिलोत्तमा मा.वि	४*१५	१४१	८४६०।
२	दोभान मा.वि	१०*१५	७८	११७००
३	युवावर्ष मा.वि	२*१५	१४८	४४४०
४	पृथ्वीप्रकाश मा.वि	११*१५	११८	१९४७०।
५	जनदीप मा.वि	९*१५	६४	८६४०।
६	थानिडाडा मा.वि	६*१५	१२६	११३४०
७	मस्याम मा.वि	११*१५	४८	७९२०
८	लक्ष्मी आ.वि	९*१५	५२	७०२०

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नगरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।